# बागमती गाउँपालिका, मकवानपुर

# बागमती राजपत्र

**खण्डः ८** **संख्याः २४** **मितिः २०८१।१२।०७**


## भाग - २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## बागमती गाउँपालिकाको महिला समूह, महिला समिति तथा निगरानी समूह गठन, संचालन एंव व्यवस्थापन गर्न बनेको कार्यविधि, २०८१

**प्रस्तावनाः** समुदायमा बसोबास गर्ने महिलाहरुको सामाजिक, आर्थिक, राजनीतिक एवं साँस्कृतिक पक्षहरुमा अधिकतम सहभागिता बढाउनका साथै महिलाहरुलाई सशक्तीकरण गराउन गाउँपालिका स्तरीय एक निगरानी समूह गठन गरी उक्त समूहलाई व्यवस्थित गर्न आवश्यक भएको हुँदा बागमती गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बागमती गाउँ कार्यपालिकाले यस कार्यविधि स्वीकृत भई राजपत्रमा प्रकाशन गरी लागु गरिएको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम " बागमती गाउँपालिकाको महिला समूह, महिला समिति तथा निगरानी समूह गठन, संचालन एंव व्यवस्थापन गर्न बनेको कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई राजत्रपमा प्रकाशन मिति देखि बागमती गाउँपालिका क्षेत्रभित्र प्रारम्भ हुनेछ।

२. परिभाषाः

विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “प्रमुख” भन्नाले बागमती गाउँ कार्यपालिकाको प्रमुख सम्झनुपर्छ।

(ख) "उपप्रमुख" भन्नाले बागमती गाउँ कार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ।

(ग) "प्रमुख प्रशाकिय अधिकृत" भन्नाले बागमती गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले बागमती गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(ङ) "गाउँपालिका" भन्नाले बागमती गाउँपालिका सम्झनुपर्छ।

## परिच्छेद २

## महिला समूहको गठन तथा उद्देश्य

३. उद्देश्यः

महिला समूह गठन गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार हुनेछन्:

(क) टोल, बस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा उक्त टोलबासीका महिलाहरुको पहुँच अभिवृद्धि गर्ने,

(ख) गाउँ समुदाय देखि स्थानीय स्तरमा हुने विभिन्न कार्यक्रमहरुमा महिलाहरुको सहभागिता सुनिश्चित गर्ने,

(ग) महिलाहरुलाई सामाजिक, आर्थिक, राजनितिक लगायतका विषयहरुमा जागरुक गराउँदै उनीहरुको हक अधिकारप्रति सचेत गराउने,

(घ) समाजमा विद्यमान लैङ्गिक असमानतालाई अन्त्य गर्दै सामाजिक न्याय एंव समानता कायम गर्ने,

(ङ) समाजमा पछाडि परेका महिलाहरुलाई विभिन्न जनचेतनामुलक कार्यक्रमहरुमा सहभागी गराएर अगाडी बढ्न अभिप्रेरित गर्ने,

(च) विभन्न सिपमुलक तालिमहरु सञ्चालन गरी आयआर्जनका क्षेत्रमा महिलालाई अगाडि बढाई आर्थिक रुपमा सबल हुन सहयोग गर्ने,

(छ) पिछडिएको क्षेत्रहरुमा भईरहेका महिला हिंसा, घरेलु हिंसा तथा मानव बेचबिखन जस्ता समस्याहरुबाट महिला तथा बालबालिकाहरुलाई जोगाउन सहयोग गर्ने,

(ज) समुदायस्तरमा आपसी सद्भाव, समझदारी, समन्वय, मेलमिलाप एंव समताको भावना जागृत गराउने,

(झ) समाजका नीति निर्माण लगायत विकास निर्माणका कार्यमा महिलालाई अग्रसर गराउँदै बौद्धिक एवं आर्थिक रुपमा सक्षम बनाउन सहयोग गर्ने,

४. महिला समूह, महिला समिति र निगरानी समूहको गठनः

(१) टोलस्तरीय महिला समूहको गठन देहाय बमोजिम हुनेछः

(क) प्रत्येक घरबाट एक महिला सदस्य (एक घर एक महिला) रहने गरी टोलस्तरमा एक महिला समूह गठन हुनेछ,

(ख) महिला समूहमा सामूहिक भेलाबाट मनोनित गरी अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र आवश्यक अनुसार ७(सात) सदस्यहरु रहेको एक महिला समूहको कार्यसमिति गठन हुनेछ।

(ग) महिला समूहमा २० वर्ष उमेर पूरा भई ६० वर्ष उमेर ननाघेका महिला सदस्य रहेछन्।

(घ) महिलाका सवालहरुका विषयमा छलफल तथा अन्तरक्रिया गर्ने र वडा स्तरीय महिला समितिलाई सुझाव सल्लाह प्रदान गर्ने।

(ङ) महिला समूहले टोल विकास संस्था, वडा समिति तथा गाउँपालिकासँग योजना निर्माण तथा कार्यान्वयन, कार्यक्रम संचालनमा सहजकर्ता र समन्वयकारी भूमिका निर्वाह गर्ने।

**(२) वडास्तरीय महिला समितिको गठन देहाय बमोजिम हुनेछन्।**

१. प्रत्येक टोलमा प्रत्येक महिला समूहबाट १/१ सदस्य रहने गरी प्रत्येक वडामा वडास्तरीय महिला समिति गठन गरिनेछ।

२. समितिमा वडास्थित महिला जनप्रतिनिधिको रोहवरमा बसेको समूहका प्रतिनिधिहरुले बैठकको समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षको छनौट गर्नेछ।

३. समितिको सचिवको रुपमा वडा सचिव रहनेछ।

**(३) गाउँपालिका स्तरीय निगरानी समूह गठन देहाय बमोजिम हुनेछ।**

सम्पूर्ण वडाका महिला समूहहरुको निगरानी, परिचालन सुपरीवेक्षण तथा व्यवस्थापन गर्नका निम्ती गाउँपालिकाको उपप्रमुखको संयोजकत्वमा १३ सदस्यीय गाउँपालिका स्तरीय निगरानी समूह गठन हुनेछ।

(क) गाउँपालिकाको उपप्रमुखको संयोजकत्वमा (अध्यक्षतामा) प्रत्येक वडाको महिला समितिको सिफारिस गरेका मध्येबाट १/१ जना सदस्य,

(ख) उपप्रमुखबाट मनोनित दलित/जनजाति/विपन्न मध्येबाट २ जना सदस्य

(ग) गाउँपालिकाको महिला विकास हेर्ने कर्मचारी सदस्य सचिव रहने,

## परिच्छेद ३

## महिला समूहको दर्ता/सूचीकृत तथा पुरस्कार

**५. दर्ता/सूचीकृत :**

(क) प्रत्येक टोलमा गठन हुने/भएका महिला समूह गाउँपालिकाको महिला शाखामा सूचीकृत हुन पर्नेछ।

(ख) महिला समूहको बैठकमा सर्वसम्मत गरेको निर्णय, सम्बन्धित वडा कार्यालयको सिफारिस सहित आएको निवेदन माथि गाउँपालिकाले अनुसूची एक बमोजिमको विधानमा टेकेर दर्ता/सूचीकृत गर्नेछ।

(ग) महिला समूहलाई गाउँपालिकामा दर्ता/सूचीकृत गर्दा पेश गर्ने निवेदनको नमुना अनुसूची-२ मा उल्लेख गरिएको छ।

(घ) महिला समूहबाट निर्णय गरी दर्ताको लागि निवेदन पेश गरेमा सम्बन्धित गाउँपालिकाले अनुसूची-३ बमोजिमको ढाँचामा महिला समूह दर्ता प्रमाण पत्र प्रदान गर्नेछ।



बागमती गाउँपालिका, मकवानपुर

(ङ) समूहले गरेको वार्षिक कार्यक्रमहरुको प्रतिवेदन पेश गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३(तीन) महिना भित्र अनुसूची-४ (चार) बमोजिमको ढाँचामा समूह दर्ता/सूचीकृत नवीकरण गर्नु पर्नेछ।

(२) महिला समूहले यस कार्यविधि बमोजिमका उद्देश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानुनले गर्न नपाउने कार्य गरेमा गाउँपालिकाले महिला समूहको दर्ता खारेज गर्न सक्नेछ। दर्ता खारेज भएपछि सो स्थानमा नयाँ महिला समूह गठन हुनेछ।

(३) पुरस्कृत गर्ने

उत्कृष्ट कार्यगरी नमुनाको रुपमा विकास हुने तीन ओटा सम्म महिला समूहलाई गाउँपालिकाले उपर्युक्त अवसरमा पुरस्कृत गर्न सक्नेछ।

## परिच्छेद -४

## महिला समूहका कार्यहरु

**६. महिला समूह, महिला समिति तथा निगरानी समूहका कार्यहरुः**

(क) समाजमा आयोजित विभिन्न सामाजिक, राजनीतिक कार्यक्रमहरुमा महिलाको सहभागिता सुनिश्चितताको लागि जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने,

(ख) एच.आई.भि/एड्स, अन्धविश्वास, छाउपडी प्रथा, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ग) समाजमा हुने अन्याय, अत्याचार, विभिन्न घरेलु तथा महिला हिंसा विरुद्ध सामूहिक आवाज उठाउने,

(घ) महिला तथा बालबालिकाको हक अधिकारको सुनिश्चितता गर्ने,

(ङ) विभिन्न सामाजिक, आर्थिक तथा जनसरोकारका विषयहरुमा महिलाहरुलाई जागरुक गराउने,

(च) आफ्नो समुदायलाई वातावरण तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

(छ) समुदायमा महिलाहरुको सशक्तीकरण तथा विकासका लागी विभिन्न स्रोतबाट प्राप्त साधन स्रोतको उच्चतम सदुपयोग गर्ने,

(ज) समुदायका महिलाहरुको आयआर्जनका क्षेत्रमा अगाडी बढाउन आवश्यक तालिमहरु प्रदान गर्ने,

(झ) टोल तथा गाउँ समाजमा विभिन्न विकास निर्माणका कार्यहरुमा महिलाहरुको उच्चतम सहभागिता जगाउने,

(२) महिला समितिका कार्यहरु देहाय बमोजिम हुनेछ।

(क) महिलाको हित हुने खालका कार्यक्रमहरु तथा योजनाहरु माग गर्ने तथा विकास निर्माणका कार्यहरुमा वडा समिति प्रति समन्वयकारी, सहजकारी भूमिका निर्वाह गर्नेछन्।

(ख) वडाका प्रत्येक टोलहरुमा रहेका सवालहरु, विकृत तथा विसङ्गतीका विषयहरुमा घनिभूत छलफल गरी निराकरणका लागि वडासमक्ष सुझाव तथा लल्लाह दिने,

बागमती गाउँपालिका, मकवानपुर

(ग) टोलमा हुने अपराधिक घटनाका विषयमा सत्य तथ्य सहित वडा तथा सम्वन्धित निकायमा जानकारी गराउने,

(घ) महिला समितिले वडास्थित समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ङ) गाउँपालिका र महिला समूहलाई जोड्ने पुलको कार्य गर्ने,

(च) महिला समूहलाई आवश्यक सम्पूर्ण सहयोग गर्ने,

(छ) महिला समूहले गर्ने कार्यहरुमा सहभागिता जनाउने,

(ज) गाउँपालिका तथा निगरानी समूहसँग आवश्यक सहकार्य गर्ने,

(झ) सभ्य, सुसुंस्कृत तथा नमुना टोल निमार्णका लागि उपाय खोजि गरी लागू गर्ने।

(३) निगरानी समूहका कार्यहरु देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकासँग नियमित सम्पर्कमा रहने,

(ख) महिला समूह तथा महिला समितिको निरीक्षण एंव सुपरीवेक्षण गर्ने,

(ग) महिलाका अधिकार, महिलाका विविध सवालहरुका विषयमा उचित नीति तथा रणनीति तय गर्न गाउँपालिकालाई सुझाव तथा सल्लाह दिने,

(घ) टोल स्तरीय महिला समूह पहिचान गरी पुरस्कृत गर्नका लागि गाउँपालिकालाई सिफारिस गर्ने,

(ङ) महिलाहरुमा सचेतना अभिबृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी गाउँपालिकालाई सिफारस गर्ने,

(च) महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यको सुनिश्चित गर्न गाउँपालिकालाई आवश्यक सुझाव सल्लाह दिने,

(छ) महिला विरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारीरिक, मानसिक, योनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिँसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने,

(ज) महिलालाई शिक्षा स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्न पहल गर्ने,

(झ) महिला समूहलाई विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नका लागि तालिम, जनचेतना तथा आवश्यक सहयोग गर्ने,

(ञ) गाउँपालिका तथा विभिन्न संघ संस्थाहरुलाई आएका तालिम, कार्यक्रम, सहयोगहरुलाई महिला समूहसम्म न्यायोचित ढङ्गले पुर्याउने तथा महिलाहरुको आवश्यकताहरुलाई ध्यानमा राखि गाउँपालिका तथा सम्बन्धित निकायसँग सहकार्य गर्ने।

## परिच्छेद -५
## महिला समूहको बैठक

(७) महिला समूहको बैठकः

महिला समूहको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछः

बागमती गाउँपालिका, मकवानपुर

(क) महिला समूहका सदस्यहरुको हित, सहयोग एवं समन्वयका लागि महिला समूहको बैठक महिनामा कम्तीमा १ पटकमा नघट्ने गरी बस्नेछ।

(ख) समूहको बैठकमा वडामा रहेको महिला समितिका प्रतिनिधिहरु, सामाजिक परिचालन लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ।

## परिच्छेद -६
## विविध

विविध

(क) यो कार्यविधि प्रचलित ऐन, नियमहरुसँग बाझिएमा बुँदाहरु स्वतः खारेज हुनेछन्।

(ख) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सोको गाउँ कार्यपालिकाको वैठकको निर्णय अनुसार फुकाईनेछ।

(ग) यो कार्यविधि समयसापेक्ष र आवश्यकता अनुसार संशोधन गर्ने अधिकार बागमती गाउँ कार्यपालिकामा रहने छ।

बागमती गाउँपालिका, मकवानपुर

## अनुसूची-१

### (दफा ५ को उपदफा (१) को खण्ड (ख) सँग सम्वन्धित)

१. प्रारम्भिकः

संक्षिप्त नाम र प्रारम्भः

(क) यो विधान .............................................महिला समूहको विधान हुनेछ।

(ख) यो समूहको नाम..................................................हुनेछ।

(ग) यो विधान ................................................महिला समूहको साधारण सभाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

(घ) यस समूहको कार्यालय ..........................................मा रहने।

(ङ) समूहको सीमाना देहाय बमोजिम हुनेछ।

पूर्व ...............................

पश्चिम .............................

उत्तर ...............................

दक्षिण ..................................

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को नाम नलागेमा यस विधानमा

(क) समूह भन्नाले .............................................महिला समूहलाई सम्झनुपर्छ।

(ख) विधान भन्नाले महिला समूहको विधानलाई सम्झनु पर्दछ।

(ग) साधारणसभा भन्नाले समूहको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ।

(घ) समिति भन्नाले महिला समूहको कार्यसमिति सम्झनु पर्दछ।

(ङ) बैठक भन्नाले समूहको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ।

(च) पदाधिकारी भन्नाले कार्यसमितिका अध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरुलाई जनाउँछ।

३. संगठित समूह हुनेः

(क) समूहको छुट्टाछुट्टै छाप हुनेछ। समितिले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।

(ख) समूहले चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ। तर समूहले आफ्नो अचल सम्पत्ति बिक्री गर्न भने पाउने छैन। समूह विघटन भए सो समूहको सम्पूर्ण चल अचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ।

४. समितिका उद्देश्यहरु

समहको सामूहीक, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछः

(क) सामूहीकस्तरमा सक्षम र दिगो स्वायत्त समूहको विकास गर्ने।

(ख) समूहका व्यक्तिहरुको आयमा वृद्धि गर्ने कार्यक्रमहरुको सञ्चालन गरी गरिबी न्यूनीकरणमा मदत पुर्याउन ।

(ग) स्थानीय स्तरको विकास प्रक्रिया दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरका व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुर्याउने।

(घ) समूहलाई सहभागितात्मक योजना, अनुगमन र मूल्याङ्कन प्रकृयामा सक्रिय सहभागी बनाउने।

५. महिला समूहको कार्यसमितिको गठनः

महिला समूहको गठन देहाय बमोजिम हुनेछः

(क) प्रत्येक घरबाट एक महिला एक सदस्य (एक घर एक महिला) रहने गरी टोलस्तरमा एक महिला समूह गठन गर्ने,

(ख) समूहमा उपस्थित भएका सदस्यहरुको सर्वसम्मत निर्णयबाट मनोनित गरी अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र आवश्यकता अनुसार सात देखि एघार सदस्यहरु रहेको एक महिला समूहको कार्यसमिति गठन हुनेछ। महिला समूह कार्यसमितिको कार्यकाल प्रत्येक दुई वर्षमा आपसी सहमतिमा हेरफेर गर्न सकिनेछ।

६. समूहका कार्यहरुः

महिला समूहका कार्यहरु देहाय बमोजिम हुनेछः

- प्रत्येक टोलस्तरमा सम्भव भएसम्म सबै घर परिवारका महिला सदस्य सहभागी भएको महिला समूहहरु गठन गर्ने,
- समूहका सदस्यहरुलाई उद्यमशीलता तर्फ गराउन आवश्यक पहल गर्ने तथा सोही बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने,
- एच.आई.भी/एड्स, छाउपडी प्रथा, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याहरुको पहिचान गरी सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने,
- विभिन्न सामाजिक, आर्थिक तथा जनसरोकारका विषयहरुमा महिलाहरुलाई जागरुक गराउने,
- आफ्नो समुदायलाई वातवरण तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

- समुदायमा महिलाहरुको सशक्तीकरण तथा विकासका लागि विभिन्न स्रोतबाट प्राप्त साधन स्रोतको उच्चतम सदुपयोग गर्ने,
- समुदायका महिलाहरुलाई आयआर्जनका क्षेत्रमा अगाडि बढाउन आवश्यक तालिमहरु प्रदान गर्ने,
- टोल तथा गाउँ समाजका विभिन्न विकास निर्माणका कार्यहरुमा महिलाहरुको उच्चतम सहभागिता जनाउने।

७. महिला समूहका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

महिला समूहका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार

- समूहको नियमित बैठक बोलाउने, बैठकका मिति, समय र स्थान तोक्ने।
- बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने।
- बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने।
- छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने।
- निर्णयहरु लागू गर्ने र गर्न लगाउने।
- विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने।
- समूहले आर्जन प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने।
- विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने।
- कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने।

(ख) समूहका सचिवको काम, कर्तव्य र अधिकारः

- अध्यक्षको आदेशानुसार बैठक बोलाउने।
- एक तिहाई सदस्यको विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने।
- छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने।
- समितिको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने।

(ग) समूहको कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

- समूहको आम्दानी र खर्चको विवरण तयार गर्ने।

- खर्चको लेखापरीक्षण गराउने।
- बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने।
- समूहको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

(घ) समूहका सदस्यहरु काम, कर्तव्य र अधिकारः

- गाउँपालिका वा गाउँ कार्यपालिकासँग भएको साझेदारी पत्रमा उल्लिखित शर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने।
- समूहको हिसाब किताब जाँच गर्ने।
- समूहका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने।
- आवश्यकताको लागि बोलाईएको कार्यक्रमहरुमा अनिवार्य सहभागी हुने।
- आवश्यकता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षलाई सघाउने।
- तोकिएको अन्य कार्य गर्ने।

८. सदस्यता समितिमा सदस्यता देहाय बमोजिम हुनेछः

(क) यस विधानको उद्देश्य बमोजिम समूहप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने टोलका प्रत्येक घरधुरीका महिला सदस्य यस समूहका सदस्य हुनेछ।

(ख) सदस्य बन्न इच्छुक नयाँ महिलालाई समूहले तोके बमोजिम समूहमा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ।

९. सदस्यता नरहने देहायको अवस्थामा सदस्य रहने छैनः

(क) सदस्यको मृत्यु भएमा,

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन समूहले स्वीकृत गरेमा, तर समूहको निर्णय उपर चित्त नबुझेमा साधारण सभामा पेश गर्ने र साधारण सभाको निर्णय अन्तिम हुनेछ।

(ग) सदस्यता शुल्क नतिरेका वा समूहका निर्णय पालना नगरेमा समूहले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा।

(घ) समूहलाई हानी नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई समूहले सदस्यबाट हटाउने निर्णय गरेमा। तर सम्बन्धित सदस्यलाई सफाई दिने अवसरबाट बञ्चित गरिने छैन। यस सम्बन्धित अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ।

(ङ) नेपालको प्रचलित कानुनले निषेध गरेको कार्य गरेमा।

१०. साधारण सभाको गठन र कार्यप्रणाली

साधारण सभाको गढन र कार्यप्रणाली देहाय बमोजिम हुनेछः

- समूहको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ।
- साधारण सभाको अध्यक्षता समूहको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा समूहको सचिव र निजको पनि अनुपस्थितिमा समूहको जेष्ठ नागरिक सदस्यले गर्नेछ।
- साधारण सभा समूहको सर्वोच्च निकाय हुनेछ।

११. साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- अध्यक्ष, सचिव र कोषाध्यक्षले क्रमशः आ-आफ्नो क्षेत्रमा परेका कार्य सम्बन्धी वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने,
- वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने,
- सबै सदस्यहरु भेला हुने-समूहको विधान संशोधन गर्ने,
- आवश्यकता अनुसार सल्लाहकार मनोनयन गर्ने,
- समूहको वार्षिक कार्ययोजना स्वीकृत गर्ने।

१२. आर्थिक व्यवस्था

(क) समूहको देहाय बमोजिमको आर्थिक स्रोत हुनेछः

- सदस्यबाट प्राप्त शुल्क
- सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त अनुदानः समूहको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार
- अन्य आम्दानी।

(ग) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात् विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी समूहको हुनेछ।

(घ) समूहको नाममा प्राप्त वा खरीद चल अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ।

१३. कार्यसमिति वा पदाधिकारीको राजीनामा

(क) समूहका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछ।

(ख) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत समूहको बैठकमा पेश गर्नु पर्नेछ र सो उपर समूहले निर्णय गरे बमोजिम हुनेछ।

१४. विघटनः

समूहको विधान बमोजिम कार्यसञ्चालन गर्न नसकी वा उद्देश्य पूरा गर्न असफल भए वा २ वर्षसम्म समूह नविकरण नभएमा समूह विघटन हुनेछ। यसरी समूह विघटन भए बचत रकम सम्पूर्ण सदस्यलाई फिर्ता गर्नु पर्नेछ।

बागमती गाउँपालिका, मकवानपुर

१५. विवधः

(क) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरिनेछ। साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई बहुमतले विधान संशोधन हुनेछ।

(ख) प्रचलित ऐन, नियमहरुसँग बाझिएका बुँदाहरु हदसम्म स्वतः खारेज हुनेछ।

बागमती गाउँपालिका, मकवानपुर

## अनुसूची-२

**(दफा ५को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)**

महिला समूहलाई गाउँपालिकामा दर्ता गर्ने निवेदनको नमूना

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

बागमती गाउँ कार्यपालिकाको कार्यालय,

झुरझुरे, मकवानपुर।

विषय :महिला समूह दर्ता सम्बन्धमा।

महोदय,

उपर्युक्त सम्बन्धमा यस बागमती गाउँपालिका वडा नं.................को...........................टोलमा गठन गरिएको तपसिल बमोजिम पदाधिकारी रहेको..........................................................महिला समूहलाई यस गाउँपालिका कार्यलयमा दर्ता/ सूचीकृत गरी महिला समूह दर्ता प्रमाण उपलब्ध गराईदिनुहुन अनुरोध छ।

तपसिल

| क.सं. | नाम, थर | पद | सम्पर्क नं. | कै. |
|---|---|---|---|---|
| १ अध्यक्ष | | | | |
| २ उपाध्यक्ष | | | | |
| ३ कोषाध्यक्ष | | | | |
| ४ सचिव | | | | |
| ५ सदस्य | | | | |
| ६ सदस्य | | | | |
| ७ सदस्य | | | | |

निवेदकः

हस्ताक्षरः

नामः

पदः

बागमती गाउँपालिका, मकवानपुर

**अनुसूची-३**

**(दफा ५ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)**

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
झुरझुरे मकवानपुर

**प्रमाण-पत्र**

बागमती गाउँपालिका वडा नं.................स्थित..............................मा गठन भएको .............................महिला समूहलाई यस कार्यालयमा मिति.............मा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ। यस गाउँपालिकाको शैक्षिक, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, सुशासन, लैगिंक समानता, महिला विकास तथा सशक्तीकरण लगायतका क्षेत्रमा यस महिला समूहको सहभागिताको अपेक्षा साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

दर्ता नंः ..................

मितिः............

................................

प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर

## अनुसूची-४

**(दफा ५को उपदफा (१) को खण्ड (ङ) सँग सम्बन्धित)**

महिला समूह दर्ता अभिलेख

बागमती गाउँपालिका, मकवानपुर ।

समूहको नामः

ठेगानाः

| क्र.सं. | नवीकरण गरेको मिति | समूह दर्ता नं. | अवधि मिति | | प्रमाणीत गर्ने पदाधिकारीको सही | कार्यलयको छाप | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

बागमती गाउँपालिका, मकवानपुर

आज्ञाले,

ओम बहादुर दर्जी

प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर